RR Interdisciplinary Journal
Vol. 5, No. 5, 127-137, December, 2024 (2081 Mangsir)
https://doi.org/10.3126/rrij.v5i5.78935

# विश्वविद्यालयका प्राध्यापकको पेसागत विकासमा प्राज्ञिक लेखनको प्रभाव

**शक्तिराज नेपाल**[1]

### लेखसार

*प्रस्तुत लेख विश्वविद्यालयका प्राध्यापकको पेसागत विकासमा प्राज्ञिक लेखनले पारेको प्रभावका विषयमा केन्द्रित छ। उक्त सन्दर्भमा विश्वविद्यालयका प्राध्यापकको वृत्ति तथा पेसागत विकासमा प्राज्ञिक कर्मले पारेका प्रभावको विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । इन्टरप्रेटिभिज्म प्रतिमानअन्तर्गत व्याख्यात्मक अनुसन्धान ढाँचामा आधारित अध्ययन भएकाले असम्भाव्यमूलक नमुना छनोटका आधारमा क्षेत्रगत नमुना छनोट (Cluster) विधिका आधारमा बहुवैकल्पिक प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ। सङ्कलित तथ्याङ्कलाई उद्देश्यअनुरूप वर्गीकरण गरी विभिन्न उपशीर्षकका सहायताले विश्लेषण गरिएको छ। उक्त विश्लेषणबाट प्राध्यापकका कार्यको प्रकृति चाहिँ विशिष्टीकृत हुन बाँकी रहेको अवस्था पत्ता लागेको छ । साथै प्राज्ञिक लेखनका कार्यको प्रकृतिको बढी अभ्यास हुनुपर्नेमा बढी सामान्य प्रकृतिका लेखनमा प्राध्यापकहरू उद्यत रहेका पाइन्छन् । उनीहरूले लेखेका सामग्रीले शिक्षण प्रविधि, नवप्रवर्तन तथा ती सबै पक्षमा योगदान गरिरहेको स्थिति देखिन्छ। त्यसका साथै प्राज्ञिक लेखनले प्राध्यापकको ज्ञान, चिन्तन, चेतना तथा शिक्षण विधि र प्रविधिको विकासमा बढी मदत गरेको पाइएको छ । प्राध्यापकले आफ्नो पेसागत चरित्रको विकास र उत्थानका लागि आफ्नो ज्ञान, सूचना, प्रविधिमा अद्यावधिक हुने विषयमा बढी सक्रियता देखाएको पाइएको छ । साथै प्राज्ञिक लेखनको कर्मले प्राध्यापकको लेखन कार्यमा प्रत्यक्ष प्रभाव पारेकाले उनीहरूको लेखन पक्ष सशक्त बन्ने सङ्केत गरिएको छ। तसर्थ प्राध्यापकको पेसागत तथा वृत्तिविकासमा प्राज्ञिक लेखनले प्रत्यक्ष प्रभाव पार्ने स्थिति देखिन्छ। उक्त स्थितिको गहन अध्ययन गर्दै हरेक प्राध्यापक तथा सरोकारवालालाई प्राज्ञिक चरित्रको विकास गर्न मदत गर्ने भएकाले प्रस्तुत लेखको उपयोगिता रहेको मानिन्छ ।*

***शब्दकुञ्जी :*** अध्ययन, पेसागत विकास, लेखन कर्म, प्रकाशन, वृत्तिविकास ।

## विषय परिचय

त्रिभुवन विश्वविद्यालयले उपल्ला कक्षामा विशिष्ट प्रकृतिका लेखनको अपेक्षा गरेको छ । स्नातक, स्नातकोत्तर, एमफिल तथा विद्यावारिधि तहमा प्राज्ञिक प्रकृतिका लेखाइको सन्दर्भलाई जोड दिँदै यसले विश्वविद्यालयको अनुसन्धान तथा प्राज्ञिक अभ्यास र नतिजाको गुणस्तरीयतामा जोड दिएको देखिन्छ । साथै विश्वविद्यालयका विद्यार्थीको लेखाइमा उत्कृष्टता र प्राज्ञिकता हुने शैक्षिक, सामाजिक तथा प्राज्ञिक दृष्टिकोण रहेको पाइन्छ ।

विश्वविद्यालयका माथिल्ला कक्षाहरूमा विकसित र स्तरीय सिपका रूपमा लेखाइ सिपको अभ्यास गरिन्छ । लेखाइले व्यक्तिलाई औपचारिक र कलात्मक रूपले विचार अभिव्यक्त गर्नसक्ने व्यक्तिका रूपमा चिनाउँछ (नेपाल, सन् २०२४) । उक्त कुरालाई भाषाशिक्षणसँग जोड्दै शर्मा र पौडेलले भनेका छन् "व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई सम्झनामा राखिराख्न अथवा साँचिराख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखाइले मदत गर्दछ" (२०६८, पृ.३६७) । तथा "लेखनकलालाई

[1] उपप्राध्यापक, नेपाली शिक्षा समिति, महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।
Email: shakti.nepal@mahmc.tu.edu.np/snepal758@gmail.com/9851227928

परिष्कृत र प्रवाहमय शैली दिन लेख्ने बानीको ठुलो हात छ" (अधिकारी, २०६७, पृ.१६) । तसर्थ भाषाका हरेक सिपहरू निरन्तर अभ्यासबाट मात्र परिष्कृत बन्न सक्तछन् ।

भाषाका अन्य सिपको परिपक्वताका लागि पनि लेखाइ सिप कै प्रयोग गरिन्छ। यसलाई भाषिक अभिव्यक्तिको परिपक्व सिपका रूपमा अपनाइन्छ । "लेखाइ सिपको अभ्यासका लागि कक्षाभित्र र बाहिर गर्न सकिने धेरै खालका विधि तथा पद्धतिहरू पाइन्छन्, तिनीहरूलाई हामीले छान्नुपर्दछ" (हार्मर, सन् २००१, पृ.२५७)। लेखाइको प्रक्रियालाई अलि जटिल प्रक्रियाका रूपमा लिइन्छ।"लेखनको उत्पादन वा निर्मित विधाको विकासभन्दा यसको लेखन प्रक्रियालाई बढी जोड दिइन्छ" (हार्मर, सन् २००१, पृ.२५८) ।

प्राज्ञिक लेखनलाई उच्च तहका विद्यार्थी तथा विश्वविद्यालयका प्राध्यापक र अनुसन्धाताको वृत्तिविकासको सिपसँग जोडेर हेरिन्छ । हरेक लेखनलाई उन्नत, वजनदार र औपचारिक लेखन बनाउने कार्यलाई प्राज्ञिक लेखन भन्ने गरिन्छ । "भाषा शिक्षणमा लेखाइ सिपका उत्तरवर्ती क्रियाकलापमार्फत् विकास हुने प्राज्ञिक लेखनलाई उपल्ला कक्षाका विद्यार्थीसँग सम्बन्धित सिप मानिन्छ" (बाले, सन् २०१०) । यसै सन्दर्भमा भण्डारी (२०७७) ले प्राज्ञिक लेखनलाई मानवीय चिन्तन वा बुद्धिपक्षको प्रयोग भूमिमा आधारित अभिव्यक्ति तथा दर्शन, वैचारिक लेख रचना आदिका रूपमा चिनाएका छन् (पृ.४) । साथै "यो कुनै खास सिद्धान्त, चिन्तन, विचार, दृष्टिकोणको प्रधानता भएको अभिव्यक्तिसम्बन्धी लेखन हो" (लम्साल र खनाल, २०७८, पृ.३५) । कुनै विषयका विज्ञले प्रस्ताव गरेको वा औपचारिक रूपमा कुनै अनुसन्धेय सामग्री प्रस्तुत गर्दा लेखिएको संरचनालाई प्राज्ञिक लेखनका रूपमा चिनिन्छ (नेपाल, सन् २०२४) । तसर्थ यसलाई लेखनको एक स्तरीय तथा वैचारिक लेखनको कलाका रूपमा लिइन्छ ।

उच्च तहका कक्षामा अभ्यास हुने लेखनका रूपमा पनि यस प्रकृतिको लेखनलाई लिइने गरिन्छ । ओसिमा र हग (सन् २००७) ले पनि प्राज्ञिक लेखनलाई उच्च तहका विद्यालय तथा कलेजमा प्रयोग हुने लेखनका रूपमा प्रस्तुत गरेका छन् (पृ.३) । यस प्रकारको लेखनलाई योजनाबद्ध, पूर्वाग्रहरहित, सङ्गठित लेखनका रूपमा अभ्यास गरिन्छ । विश्वविद्यालयका प्राध्यापक, लेखक, विज्ञ तथा अनुसन्धाताको लेखनलाई सङ्केत गर्दै यस सन्दर्भमा भण्डारीले भनेका छन् "शैक्षिक दृष्टिले उन्नत, उच्च शिक्षा प्राप्त गरेका, कुनै विषयमा दक्षता हासिल गरेका वा स्वाध्ययन र दीर्घसाधनाबाट खारिएका लेखकका साहित्यिक वा गैरसाहित्यिक लेखनलाई प्राज्ञिक वा बौद्धिक लेखन भनिएको हो"(२०७७, पृ.४) । यसर्थ प्राज्ञिक लेखनलाई विश्वविद्यालयका विद्यार्थी, शिक्षक, अध्येता, अनुसन्धाता, लेखक तथा विज्ञले अभ्यास गर्ने, वृत्तिविकासको आधार बनाउँदै आफ्नो पेसागत विकासको मुख्य माध्यमका रूपमा अपनाउन थालिएको छ ।

उक्त सन्दर्भमा विश्वविद्यालयका प्राध्यापकहरूको वृत्ति तथा पेसागत विकासमा प्राज्ञिक प्रकृतिका लेखनले पारेको प्रभावका बारेमा अध्ययन गरिएको पाइँदैन । विश्वविद्यालयका शिक्षकले अनुसन्धान गर्छन्, पुस्तक लेख्छन्, अध्ययन गर्छन्, तर उनीहरूको पेसागत विकासमा यस्तो लेखनले पारेको प्रभाव बारेमा सोद्देश्यमूलक ढङ्गले अध्ययन गरिएको नपाइएकाले उक्त रिक्तता पूरा गर्ने उद्देश्य राखी प्रस्तुत लेखलाई तयार पारिएको छ । प्राज्ञिक लेखनले विश्वविद्यालयका प्राध्यापकको पेसागत विकासका साथै वृत्ति विकासमा पनि प्रभाव पार्दछ । उच्च तहका विद्यार्थीको अध्ययनमा पनि यस प्रकृतिको लेखनले प्रभाव पार्ने भएकाले सम्बद्ध सरोकारवालालाई यस लेखको औचित्य रहेको देखिन्छ ।

*राष्ट्रिय शिक्षा नीति* (२०७६) ले पनि विश्वविद्यालयको अनुसन्धानात्मक, प्राज्ञिक तथा नतिजाको गुणस्तरीयतामा जोड गरी विश्वव्यापीकरण एवम् अन्तरराष्ट्रियकरण र स्थानीयकरण बिचको सन्तुलन तथा ऐतिहासिक ज्ञानलाई आधुनिक ज्ञानसँग र स्थानीय ज्ञानलाई विश्व ज्ञानसँग जोड्दै राष्ट्रिय आवश्यकता सम्बोधन हुनेगरी उच्च शिक्षा तथा अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्दै जाने कुरा उल्लेख गरेको छ । साथै उच्च शिक्षामा अध्यापन, प्राध्यापन र अनुसन्धान गर्न चाहने व्यक्तिहरूलाई विज्ञताको लेखाजोखा गर्न राष्ट्रिय योग्यता परीक्षण प्रणाली लागु गर्ने विषयलाई प्रस्तुत गरेको छ (१०.१५.४, पृ. २६-३१) ।

*त्रि.वि.को भिजन* (२०३०) को उद्देश्य नं ३ र ५ मा त्रि.वि.को मुख्य कार्यक्रमका रूपमा विभिन्न क्षेत्रहरूमा अनुसन्धानात्मक कार्यलाई बढाउने उल्लेख गरिएको छ । उक्त विषयलाई प्राज्ञिक कार्यसँग जोड्नै हरेक विभागका

सदस्यहरूलाई विभिन्न प्रकारका अनुभवजन्य र सावधिक प्रकृतिका अनुसन्धानात्मक कार्यमा सहभागी गराउँदै कला, विज्ञान तथा सूचनाप्रविधि र व्यवसायका ज्ञानको विकास गरिने कुरालाई प्राथमिकतामा राखिएको छ। उक्त विषयको विस्तार गर्दै हरेक विभागका सदस्य तथा अनुसन्धान केन्द्रहरूमा गुणस्तरीयता प्रदान गर्ने कार्यलाई जोडिएको छ ( पृ.४) ।

शोधप्रक्रियालाई केन्द्रमा राखी लेखनको स्तरीय शैलीको चर्चा गर्दै त्रिपाठी (२०६६) ले साहित्यको विधासिद्धान्त र शोध लेखन तथा सृजनासँग सम्बन्धित विषयलाई प्रस्तुत गरेका छन् । प्राज्ञिक लेखनका स्वरूप, ढाँचा तथा यसमा प्रयोग गरिने भाषिक तथा व्याकरणिक पक्षका बारेमा उल्लेख गर्दै ग्लाथन र जोइनर (सन् १९९८) ले लेखनका विभिन्न ढाँचा तथा प्रकृतिका बारेमा चर्चा गरेका छन् । कोफिन र अन्य (सन् २००३) ले प्राज्ञिक लेखनसम्बन्धी परिचय दिँदै उच्च शिक्षामा प्राज्ञिक लेखनका प्रमुख मुद्दाहरू, लेखनका पद्धतिहरू, लेखनका बहुआयामिक प्रकृति तथा सम्बन्धलाई प्रस्तुत गरेका छन् । नेपाल (सन् २०२४) ले भाषाशिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारितासम्बन्धी न्यारेटिभ खोजको ढाँचा प्रयोग गरी अध्ययन गरेका छन् । उनको अध्ययनमा भाषाशिक्षकको पेसागत विकासका लागि सरकारले प्रदान गरिरहेका तालिम तथा अन्य कार्यक्रमले सैद्धान्तिक सहयोग पुर्‍याएको भए तापनि व्यावहारिक रूपमा उक्त कार्यक्रमको प्रभावकारिता कम रहेको र कक्षाकोठामा खासै तात्विक प्रभाव पार्न नसकेको अनुभवलाई शिक्षकको न्यारेटिभ विषयका आधारमा निष्कर्ष निकालेका छन् ।

यसैगरी नेपाल (सन् २०२४) ले नेपाली विषयका शिक्षकको सूचनाप्रविधिका प्रयोग अवस्थाको अनलाइन सर्भेक्षण गरी उनीहरूको प्रविधिमा रहेको पहुँचविषयक अध्ययन गरेका छन् । उनको अध्ययनमा शिक्षकहरू सूचनाप्रविधिलाई कक्षामा प्रयोग गरी आफ्नो पेसागत विकास गर्न उद्यत रहेका तर पर्याप्त ज्ञान, तालिम र अवसर नपाएका कारण प्रभावकारी ढङ्गले विद्यार्थीको सिकाइ र आफ्नै व्यक्तित्वसँग जोडिन समस्या भएको निष्कर्ष निकालिएको छ । त्यसका साथै साग्लामेल र आइडोगु (सन् २०२२) ले विद्यार्थीको पेसागत विकासका लागि प्राज्ञिक लेखनको आवश्यकता पर्ने विषयमा सरोकारवालाको दृष्टिकोणको अध्ययन गरेका छन् । उनीहरूको अध्ययनमा उच्च तहका विद्यार्थीलगायत उनीहरूलाई सहयोग गर्ने शिक्षकलाई पनि प्राज्ञिक लेखनसम्बन्धी पाठ्यविषयको अत्यन्तै आवश्यकता पर्ने देखाइएको छ साथै उच्च तहमा अपेक्षा राखिने विशिष्ट र परिपक्व ज्ञानका लागि प्राज्ञिक लेखनको नीति, अभ्यास तथा व्यवहारलाई आलोचनात्मक ढङ्गले हेरिनुपर्ने सुझाव दिइएको छ । यसका साथै घिमिरे (सन् २०२३) ले बर्तमान परिवेशका शिक्षक तथा विद्यार्थीको पेसागत तथा व्यावसायिकताको विकासमा वैदिक शिक्षाको कस्तो मदत गर्न सक्छ भन्ने विषयमा अध्ययन गरेका छ । वैदिक दर्शनका दृष्टिकोणले शिक्षक तथा विद्यार्थीको पेसागत विकासमा पार्ने सकारात्मक प्रभावलाई हर्मेन्यूटिक विधिको प्रयोग गरी वैदिक ग्रन्थको विश्लेषण गरिएको छ । श्रवण सिप तथा ज्ञानको विकास हरेक शिक्षकमा हुनुपर्ने रहेछ भन्ने निष्कर्ष निकाल्दै उनले वैदिक चिन्तन परम्परामा आधारित अभ्यास पनि शिक्षकको वृतिविकासको आधार बन्नसक्ने सुझाव दिएका छन् । उक्त सन्दर्भमा विद्यार्थीको वृत्तिविकासका रूपमा जोडिएको स्नातकोत्तर तहको थेसिस लेखनमा विद्यार्थीका अनुभवलाई समेटेर नेपाल (सन् २०२३) ले शोधपत्र लेखनले विद्यार्थीको थेसिससम्बन्धी बनाएको अनुभवलाई वृत्तिविकाससँग जोडेर हेरेका छन् । उनले विद्यार्थीको सिकाइमा शिक्षकको सकारात्मक सहयोग भएन भने सही ढङ्गले वृत्तिविकासको आधार बन्न गाह्रो हुन्छ भन्ने अनुभवलाई अध्ययनको केन्द्रीय निष्कर्ष बनाएका छन् ।

विद्यार्थीको वृत्तिविकासका लागि प्राज्ञिक लेखन र यसका अनेकौं शैलीले मदत गरेका अध्ययनहरू भए तापनि शिक्षकको वृत्तिविकासका लागि प्राज्ञिक लेखनको प्रभाव रहने विषयलाई अनुभवजन्य रूपले अध्ययन गरिएको पाइँदैन । माथिका पूर्वकार्यहरूको अध्ययन गर्दा प्रस्तुत लेखको अध्ययनीय समस्या निर्क्यौल गर्न, अवधारणात्मक ढाँचा तयार गर्न तथा अध्ययन विधि, अध्ययनको परिसीमा निर्धारण र सामग्रीको विश्लेषण गर्न मदत पुग्ने भएकाले उक्त सामग्रीहरू उपयोगी देखिएका छन् । ती सामग्रीले पूरा गर्न नसकेका शिक्षकको वृत्तिविकासमा प्राज्ञिक लेखनको भूमिकालाई प्रस्तुत लेखको केन्द्रीय र अध्ययनीय पक्ष बनाइएको छ ।

प्रस्तुत लेखमा विश्वविद्यालयका शिक्षकको वृत्तिविकासमा प्राज्ञिक लेखनको मात्र प्रभावलाई अध्ययनको विषय बनाइएको छ । उक्त सन्दर्भमा काठमाडौँ उपत्यकाभित्रको विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, महेन्द्ररत्न क्याम्पस, ताहाचल र सानोठिमी क्याम्पस, भक्तपुर गरी जम्मा तीनवटा शिक्षा क्यामपसमा अध्यापन गर्ने जम्मा ३२ जना शिक्षकलाई मात्र छनोट गरिएको छ । उनीहरूलाई दिइएका प्रश्नावलीमा शिक्षकले प्रकाशित गरेका कार्यको

प्रकृति, लेखेका सामग्रीले आफ्नो वृत्तिविकासमा पुर्‍याएको योगदानको क्षेत्र, आफ्नो पेसालाई समृद्ध बनाउन प्राज्ञिक लेखनले पुर्‍याएको सहयोग, पेसालाई वृत्तिविकाससँग जोड्न मदत गर्ने पक्ष, प्राध्यापकको सक्रियताको प्रधान विषय र आफूभन्दा पछाडिको पुस्तालाई दिने सुझाव गरी जम्मा सातवटा थिमका आधारमा मात्र सामग्रीको विश्लेषण गरिएको छ। सङ्कलित तथ्याङ्लाई वर्गीकरणपश्चात् तालिका, वृत्तचित्र र लम्बचित्रमा मात्रै प्रस्तुत गरिएको छ भने थिमेटिक विश्लेषणको मान्यताअनुसार विश्लेषण गरी उद्देश्यको क्रमका आधारमा मात्रै निष्कर्ष निकालिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेखमा गुणात्मक अध्ययन विधिलाई अपनाइएको छ। इन्टरप्रेटिभिज्म प्रतिमानअन्तर्गत व्याख्यात्मक अनुसन्धान ढाँचामा आधारित अध्ययन भएकाले असम्भाव्यमूलक नमुना छनोटका आधारमा क्षेत्रगत नमुना छनोट ( Cluster) विधिका आधारमा विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, महेन्द्ररत्न क्याम्पस, ताहाचल र सानोठिमी क्याम्पस, भक्तपुर गरी शिक्षाशास्त्र सङ्कायमात्र चलेका जम्मा तीनवटा क्याम्पसमा अध्ययनपनरत विविध विषयका गरी ३२ जना प्राध्यापकलाई छनोट गरिएको छ। हरेक पेसागत विकासको तालिममा सहभागी प्राध्यापकमध्ये हरेक विषयलाई समेट्ने गरी उक्त नमुनाको छनोट गरिएको हो। ती ३२ जना सहभागीलाई लक्षित गरी बहुवैकल्पिक प्रश्नावलीको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको छ। प्रश्नावलीमा दिइएका विकल्पले सहभागीको विचार वा सोचलाई समेट्न सक्दैन कि भन्ने अनुमान गरी अन्य (आफ्नो विचार उल्लेख गर्नुहोस्) भन्ने विकल्प पनि राखी सामग्री सङ्कलन गरिएको थियो। त्यसरी सङ्कलन गरिएको तथ्याङ्कलाई शुद्धीकरण गरी लेखको उद्देश्यअनुरूप वर्गीरण गरेपछि हरेक मुद्दाअनुसारका सातवटा थिम बनाएर तालिका, लम्बचित्र र वृतचित्रमा प्रस्तुत गरियो। त्यसरी प्रस्तुत गर्दा थिम, प्रतिशत र शीर्षक गरी तीन पक्षलाई बढी प्राथमिकतामा राखिएको छ। तथ्याङ्कको व्याख्या गरिसकेपछि प्राज्ञिक साक्षरताको सिद्धान्त (बिक्म्यान र अन्य) का आधारमा विश्लेषण गरिएको छ।

## विमर्श र नतिजा


प्रस्तुत लेखमा विशेषगरी विश्वविद्यालयका शिक्षकको वृत्तिविकासमा प्राज्ञिक लेखनले पारेको प्रभावका बारे चर्चा गर्दै तथ्याङ्कको थिमका आधारमा विश्लेषण गरिएको छ। प्रस्तुत गरिएका तथ्याङ्कलाई प्राज्ञिक साक्षरताको सिद्धान्तका आधारमा विश्लेषण गरी अर्थापन गरिएको छ। उक्त अर्थपूर्ण विश्लेषणका आधारमा लेखको निष्कर्ष निकालिएको छ :

### *प्राध्यापकले प्रकाशन गरेका कार्यको प्रकृति*

प्राध्यापकले प्रकाशन गरिरहेका कार्यको प्रकृतिका आधारमा विश्वविद्यालयका शिक्षकको सहभागितालाई निर्देश गर्दछ। उक्त विषयलाई चित्र १ मा विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ।

**चित्र १**

*प्रकाशित गरेका कार्यको प्रकृति*




:

चित्र १ को वृत्तचित्रमा विश्वविद्यालयका प्राध्यापकहरूले वृत्तिविकासको प्रयोजनले प्रकाशित गरेका कार्यहरूको प्रकृतिलाई प्रस्तुत गरिएको छ। उक्त प्रस्तुतिमा ३१.३०% प्राध्यापकहरू सामान्य प्रकृतिका लेखनमा व्यस्त हुने देखाइएको छ। साथै ९.४०% प्राध्यापकहरू विषयगत मुद्दामा आधारित लेखनमा सहभागी हुने देखाइएको छ। त्यसैगरी ३७.५०% प्राध्यापकहरू अनुसन्धानात्मक प्रकृतिको लेखनमा सहभागी भइरहेको पाइएको छ। एवम्


प्रकारले ५०.०% प्राध्यापकहरू माथिका सबै प्रकारका लेखनमा सहभागी हुने देखाइएको छ । तथ्याङ्कको उक्त अवस्थाले सबैभन्दा बढी शिक्षकले सबै प्रकारका लेखनमा सहभागिता जनाइरहेको बताएका छन् भने विशिष्टीकृत रूपमा अनुसन्धानात्मक प्रकृतिका लेखनमा बढी सहभागिता जनाउने शिक्षकको मात्रा बढी रहेको पाइएको छ । प्राज्ञिक साक्षरताको सिद्धान्तअनुसार ३७.५०% प्राध्यापकहरू उच्च स्तरको लेखन तथा वृत्तिविकासमा सहयोग पुर्‍याउने लेखनमा बढी सक्रिय रहेको देखिन्छ । उक्त अवस्थाले आफ्नो पेसा र कर्मसँग सम्बन्ध राख्ने प्राध्यापकको मात्रामा रहेको कमीलाई निर्देश गरेको छ । त्यसबाट प्राज्ञिकतामा तर्फ बढी आकर्षित गर्नका लागि प्राज्ञिक कर्मका वातावरण भइरहनुपर्ने कुराको अपेक्षा गरिन्छ ।

### *आफूले लेखेका सामग्रीले पुऱ्याएको योगदानको क्षेत्र*

प्राध्यापकहरूले लेखिरहेका सामग्रीले उनीहरूको कुन क्षेत्रमा योगदान गरिरहेको छ भन्ने विषयमा अध्ययन गर्दा आफ्नो नियमित कामका आधारमा प्रतिक्रिया दिएका छन् । उक्त प्रतिक्रियालाई उनीहरूको शिक्षणीय विषयवस्तुमा पुर्‍याएको सहयोग, शिक्षण विधिमा सुधार गर्न सहयोग, शिक्षणमा नवप्रवर्तन ल्याउन सहयोग तथा माथिका सबै क्षेत्रमा भनी चारवटा सहायक थिममा आधारित भई विश्लेषण गरिएको छ ।

**चित्र २**

*लेखेका सामग्रीले पुर्याएको योगदानको क्षेत्र*




चित्र २ को वृतचित्रमा विश्वविद्यालयका प्राध्यापकले लेखेका सामग्रीले उनीहरूको वृत्तिविकासमा पुऱ्याएको योगदानका क्षेत्रको स्थितिलाई प्रस्तुत गरिएको छ । आफ्नो वृत्तिविकासमा पुऱ्याउने खालको लेखनको स्थितिलाई उल्लेख गर्ने शिक्षकहरूको अवस्थामध्ये २८.१०% शिक्षकले आफ्नो विषयवस्तुमा सहयोग पुर्‍याउने खालका लेखनमा सहभागिता जनाएको प्रतिक्रिया दिएका छन् भने २१.९०% शिक्षकले आफ्नो शिक्षण विधिमा सुधार गर्न सहयोग पुर्‍याउने खालका लेखनमा सहभागिता जनाएको बताएका छन् । त्यसैगरी १२.५०% शिक्षकले शिक्षणमा नवप्रवर्तन ल्याउन सहयोग पुर्‍याउनेखालका लेखनमा सहभागिता जनाएको बताएका छन् भने ६८.८०% शिक्षकले माथिका सबै कार्यमा सहयोग पुर्‍याउने खालका लेखनमा सहभागिता जनाएको प्रतिक्रिया दिएका छन् । उनीहरूको प्रतिक्रियाअनुसार नवप्रवर्तन गर्ने खालका क्षेत्रमा अलि कम शिक्षकले काम गरेको देखिन्छ भने आफ्नो शिक्षणीय विषयवस्तुमा सहयोग पुर्‍याउने क्षेत्रमा केही शिक्षकले चासो दिएको देखिन्छ । त्यसको मतलव कक्षाकोठाको शिक्षणसिकाइमा मात्र सहयोग पुर्‍याउने कुरामा सचेत शिक्षकको कार्यका रूपमा सङ्केत गरिन्छ। त्यसैगरी शिक्षणको सुधारमा चासो दिने शिक्षकको पनि सहभागिता भएको देखिन्छ भने समग्रमा सबै खालका विषयमा थोरबहुत लेखन कार्यमा सहभागिता जनाउने देखिन्छ। सबै खालका काम गर्छु भन्ने विकल्प र विशिष्टीकृत गरेर यो काम गर्छु भनेर किटान गरेर प्रतिक्रिया दिने शिक्षकहरू कम देखिएका छन् । आधा जति शिक्षकहरूले आफ्नो वृत्तिविकासका लागि किटान गरेर काम गर्ने तर आधा जतिको स्थिति छरेर सबै प्रकृतिका क्षेत्रमा काम गर्ने देखिएको छ । प्राज्ञिक साक्षरताको मान्यताअनुसार आफ्नो प्राज्ञिक लेखनमा आधारित लेखनको सचेतनामा कमी भएर पनि शिक्षकहरू छरिएका विषयमा बढी काम गरिरहेको देखिन्छ। उक्त अवस्थालाई कम गर्नका लागि शिक्षकलाई प्राज्ञिक लेखनका


गतिविधिमा बढी सचेतना बढाउनुपर्ने तथा आफ्नो वृत्तिको विकास गर्ने क्षेत्रमा काम गर्ने वातावरणको निर्माण गर्नुपर्ने देखिन्छ ।

### *आफ्नो पेसालाई समृद्ध बनाउन प्राज्ञिक प्रकृतिका लेखनले पुऱ्याएको सहयोग*

विश्वविद्यालयका प्राध्यापकले आफ्नो वृत्तिविकासका लागि वा पेसालाई समृद्ध बनाउन प्राज्ञिक प्रकृतिका लेखन के कति गरेका छन् र उक्त प्रकृतिका लेखनले उनीहरूको पेसालाई समृद्ध बनाउन कतिको सहयोग पुर्‍याएको छ भन्ने विषयमा दिएका प्रतिक्रियाका आधारमा अध्ययन गरिएको छ । उक्त प्रतिक्रियालाई उनीहरूको विषयवस्तु, विधि र प्रविधिमा अद्यावधिक गरेको, ज्ञान, चिन्तन र चेतनाको दायरा फराकिलो बनाएको, प्रस्तुति, पराक्रम र प्रेरणा थपेको तथा माथिका सबै काम गर्न सहयोग पुऱ्याएको गरी चारवटा सहायक थिमका आधारमा विश्लेषण गरिएको छ ।

**चित्र ३**

*आफ्नो पेसालाई समृद्ध बनाउन प्राज्ञिक प्रकृतिका लेखनले पुरयाएको सहयोग*




चित्र ३ को लम्बचित्रमा विश्वविद्यालयका प्राध्यापकहरूको पेसालाई समृद्ध बनाउन प्राज्ञिक प्रकृतिका लेखनले पुऱ्याएको योगदानको क्षेत्र र स्थितिलाई प्रस्तुत गरिएको छ । उक्त स्थितिमध्ये २५.०% प्राध्यापकले पेसालाई समृद्ध बनाउन प्राज्ञिक प्रकृतिका लेखनले उनीहरूको विषय, विधि र प्रविधिमा अद्यावधिक गर्न सहयोग पुऱ्याएको प्रतिक्रिया दिएका छन् । यसैक्रममा ४६.९०% प्राध्यापकले ज्ञान, चिन्तन र चेतनाको दायरा फराकिलो बनाउन प्राज्ञिक प्रकृतिका लेखनले सहयोग गरेको बताएका छन् । त्यसैगरी ९.४% प्राध्यापकले प्राज्ञिक प्रकृतिका लेखनले आफ्नो प्रस्तुति, पराक्रम र प्रेरणालाई थपिदिएको प्रतिक्रिया दिएका छन् । साथै ५३.१०% प्राध्यापकले माथिका सबै पक्षमा प्राज्ञिक प्रकृतिका लेखनले सहयोग पुर्‍याएको बताएका छन् । सबै पक्षमा सहयोग पुर्‍याएको छ भनेर प्रतिक्रिया दिनु विशिष्टीकृत नभएको भन्ने हो । प्राज्ञिक प्रकृतिका लेखनले प्राध्यापकको पेसालाई समृद्ध बनाउन प्रत्यक्ष रूपले सहयोग पुर्‍याउनुपर्छ । उक्त मान्यताका आधारमा प्राध्यापकले किटान नगरीकन दिएका प्रतिक्रियालाई विशिष्टीकृत नभएका प्रतिक्रियाका रूपमा लिइन्छ । यद्यपि विशिष्टीकृत भएका प्रतिक्रियामध्ये आफ्नो ज्ञान, चिन्तन र चेतना बढाउनमा प्राज्ञिक लेखनले सहयोग पुर्‍याएका प्राध्यापकको मात्रा बढी देखिएको छ । साथै विषय, विधि र प्रविधिमा अद्यावधिक बनाउन मदत गरेको पक्ष पनि प्राज्ञिक साक्षरताका दृष्टिमा सचेत प्राध्यापकका रूपमा रहेको देखाउँछ । प्राध्यापकहरूले माथिका सबै भनी दिएका प्रतिक्रियालाई पनि वृत्तिविकासमा सामान्य सहयोग पुर्‍याएको अर्थमा नै हेरिन्छ । उनीहरूको प्रतिक्रियाको अनुपात हेर्दा प्राज्ञिक लेखनले कहीँ न कहीँ सहयोग पुऱ्याएको देखिएको छ ।


### *प्राध्यापकको पेसालाई वृत्तिविकाससँग जोड्न मदत पर्ने पक्ष*

विश्वविद्यालयका हरेक क्याम्पसमा प्राज्ञिक वातावरणको अपेक्षा गरिन्छ । प्राध्यापकहरूले आफ्नो पेसालाई वृत्तिविकाससँग जोड्न हरेक किसिमका गतिविधिमा सहभागिता जनाउँछन् । उनीहरूले सहभागिताले वृत्तिविकासमा

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मदत गर्ने प्राज्ञिक पक्षका बारे उनीहरूले दिएका प्रतिक्रियालाई सहायक थिमका आधारमा यहाँ विश्लेषण गरी प्राध्यापकको पेसालाई वृत्तिविकाससँग जोड्न मदत गर्ने पक्षको अन्वेषण गरिएको छ ।

**चित्र ४**

*आफ्नो पेसालाई वृति विकाससँग जोडन मदत गर्ने पक्ष*





चित्र ४ को वृत्तचित्रमा विश्वविद्यालयका प्राध्यापकको पेसालाई वृत्तिविकाससँग जोड्न मदत गर्ने पक्षको अन्वेषणका क्रममा उनीहरूले दिएका प्रतिक्रियाका अनुपातको स्थितिलाई प्रस्तुत गरिएको छ । उक्त स्थितिमध्ये १५.६०% प्राध्यापकले आफ्नो कानुनी उमेरलाई आफ्नो पेसागत वृत्तिविकाससँग जोड्न मदत गर्ने पक्षका रूपमा चिनाएका छन् । यसैक्रममा २५.००% प्राध्यापकले विश्वविद्यालयको खुखा प्रतिस्पर्धा र निष्पक्षताले आफ्नो वृत्तिविकासलाई मदत गरेको जनाएका छन् । त्यसैगरी ४६.९% प्राध्यापकले विश्वविद्यालयमा भएका छलफल, अन्तरक्रिया र आपसी समन्वयले आफ्नो वृत्तिविकास गर्न मदत पुऱ्याएको बताएका छन् । साथै ८७.५०% प्राध्यापकले अध्ययन, लेखन, पठन र प्रकाशनले आफ्नो पेसागत वृत्तिविकाससँग जोड्न मदत गरेको प्रस्ट पारेका छन् । विश्वविद्यालयका हरेक प्राध्यापकको पेसागत वृत्तिविकाससँग जोड्न मदत गर्ने पक्षका रूपमा उनीहरूको अध्ययन, लेखन, पठन र प्रकाशनले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । उक्त परिस्थितिमा मात्रै प्राध्यापकको वृत्तिविकासमा सकारात्मक प्रभाव पर्दछ । यद्यपि तथ्याङ्कअनुसार कुनै प्राध्यापकलाई आफ्नो उमेरले मात्रै सहयोग गरेको पाइएको छ । त्यसको मतलव अत्यन्तै ढिलो प्रवेश, ढिलो, अधययन, ढिलो विकास भएको हुनसक्ने देखिन्छ । साथै कसैको वृत्तिविकासमा छलफल, अन्तरक्रिया तथा समन्वयले पनि सकारात्मक मदत पुगेको देखिन्छ । उक्त परिस्थितिलाई विश्वविद्यालयको सहकार्यात्मक संस्कृतिका रूपमा अर्थ्याउन सकिन्छ । प्राध्यापकको सहकार्यात्मक संस्कृतिलाई प्राज्ञिक लेखनको महत्त्वपूर्ण आधारका रूपमा लिइने गरिन्छ (ग्रिन एन्ड लिडिन्स्की, सन् २०१६) । त्यसैक्रममा अधिकांश प्राध्यापको वृत्तिविकासमा उनीहरूको अध्ययन, पठन, लेखन तथा प्रकाशनले मदत गरेको देखिन्छ । उक्त अवस्थालाई प्राज्ञिक लेखनले प्राध्यापकको वृत्तिविकास छिटो हुने तथा विश्वविद्यालयको प्राज्ञिक, लेखन, पठन तथा अनुसन्धानका कार्यमा रहने सक्रियताले प्राध्यापकको वृत्तिविकासमा सकारात्मक माहोलको सिर्जना गर्दछ । प्राज्ञिक साक्षरताको मान्यताअनुसार पनि अधिकांश प्राध्यापकको वृत्तिविकासमा प्राज्ञिक लेखनले प्रत्यक्ष मदत गरेकाले उनीहरू सचेत चाहिँ रहेको तर उक्त कार्यमा त्यति सक्रियता नरहेको देखाएको छ ।

### ***विश्वविद्यालयका प्राध्यापकहरूको सक्रियता रहने पक्ष***

विश्वविद्यालयका प्राध्यापकहरूको सक्रियताका विषयले पनि उनीहरूको प्राज्ञिक चेतनालाई प्रस्ट पार्छ । उनीहरूको सक्रियता रहने क्षेत्रले प्राज्ञिक वातावरणलाई प्रभाव पार्दछ । उक्त विषयमा प्राध्यापकले दिएका प्रतिक्रियालाई सहायक थिमको निर्माण गरी यहाँ विश्लेषण गरिएको छ ।

**चित्र ५**

*प्राध्यापकको सक्रियता रहने पक्ष*





चित्र ५ को वृत्तचित्रमा विश्वविद्यालयका प्राध्यापकको सक्रियता रहने मुख्य पक्षको अनुपातलाई प्रस्तुत गरिएको छ । उक्त स्थितिमध्ये ६.००% प्राध्यापकले आफ्नो उमेरका आधारमा सधैं वरिष्ठताको सूचीर रहिरहन र उस्तै परे भागबण्डामा नियुक्ति खाने आशयमा बढी सक्रियता रहने प्रतिक्रिया दिएका छन् । यसैक्रममा ०.२०% प्राध्यापकले आफ्नो कोटाका लागि बढी भिडिरहने, सक्रिय भइरहने पक्षमा आफ्नो सक्रियता रहने बताएका छन् र । त्यसैगरी ९३.८०% प्राध्यापकले आफ्नो प्राज्ञिक सक्रियता र अद्यावधिकतामा बढी सक्रियता रहने बताएका छन् । उक्त स्थितिको अध्ययन गर्दा अधिकांश प्राध्यापकहरू आफ्नो प्राज्ञिक सक्रियता र सूचनाको अद्यावधिकतामा बढी सक्रिय रहने देखिएका छन् । त्यसको मतलव उनीहरूको चासो चाहिँ प्राज्ञिक कर्ममा नै रहेको देखिन्छ । यद्यपि केही प्राध्यापकको सक्रियता आफ्नो प्राज्ञिक कर्मभन्दा पनि आफ्नो उमेरका आधारमा देखिने वरिष्ठतालाई मात्र अगाडि ल्याएर नियुक्ति खानमात्रै उद्यत रहेका आशयहरू देखिएका छन् । आफ्नो उमेरमा धेरै काम विश्वविद्यालयका लागि गरिसकिएको र अब कतै पदमा बसेर विश्वविद्यालयको सेवा गर्ने खालका प्रतिक्रिया आएकाले प्राज्ञिक कर्म छाँयामा परेको होकि जस्तो देखिन्छ । अत्यन्तै थोरै प्राध्यापक पनि कोटाका लागि लड्ने र आफ्नो वृत्तिभन्दा पनि नियुक्ति खानेतर्फ नै उद्यत रहने कार्यमा सक्रिय रहने देखिएको छ । तथापि अधिकांश प्राध्यापक भने आफ्नो वृत्तिविकासका लागि प्राज्ञिक कर्ममा अद्यावधिक भइरहेको अवस्थाले उनीहरू प्राज्ञिक कर्ममा बढी सचेत छन् भन्ने देखिन्छ । प्राज्ञिक साक्षरताको मान्यताअनुसार पनि प्राध्यापकहरू प्राज्ञिक अवधारणा, मान्यता, अनुसन्धान तथा लेखन, पठन र प्रकाशनमा बढी सक्रिय रहनु प्राज्ञिक वातावरण निर्माण सकारात्मक बन्नु हो ।

### *आफूभन्दा पछाडिको पुस्तालाई प्राध्यापकको सुझाव*

चित्र ६ को वृत्तचित्रमा प्राध्यापकले आफूभन्दा पछाडिको पुस्ता तथा विद्यार्थीलाई दिने सुझावबाट पनि उनीहरूको प्राज्ञिक चरित्रलाई मूल्याङ्कन गर्न सकिने विषयको अनुपातको स्थितिलाई प्रस्तुत गरिएको छ । उक्त स्थितिमध्ये ५९.४०% प्राध्यापकले विश्वविद्यालयको पेसाका लागि प्राज्ञिक चरित्रको विकास गर्नुपर्छ भन्ने सुझाव दिएका छन् । उनीहरूको उक्त सुझावलाई विद्यार्थी तथा पछाडिको पुस्तामा विकास हुनुपर्ने चरित्रका रूपमा अर्थ्याउन सकिन्छ । यसैक्रममा ६८.८०% प्राध्यापकले लेख्न, पढ्नमा ध्यान दिई आफ्नो वृत्तिविकासमा लाग्नुपर्छ भन्ने सुझाव दिएका छन् । उक्त सुझावलाई प्राध्यापकहरूले अनुसन्धानात्मक कार्य तथा विशुद्ध प्राज्ञिक कार्यमा मात्र लागेका आफ्नो वृत्तिविकास हुने सङ्केतका रूपमा देखाइन्छ । त्यसैगरी ४६.९०% प्राध्यापकले उत्कृष्ट मिहिनेत गरेमा प्राध्यापन पेसा पनि मर्यादित बन्न सक्छ भन्ने सुझाव दिएका छन् । उक्त सुझावलाई अबका विद्यार्थी तथा नयाँ पुस्ताले प्राज्ञिक कर्मका विश्वास गरी अत्यन्तै मिहिनेत गरेमा, अध्ययन गरेमा, अनुसन्धान तथा लेखनलाई पेसा बनाउन सकेमा प्राध्यापक पेसा पनि मर्यादित बन्ने सम्भावनाका रूपमा लिइन्छ । जसको मतलव अहिलेका प्राज्ञिक व्यक्तिहरूमा अध्ययन, मिहिनेत तथा अनुसन्धान र प्रकाशनमा त्यति प्रत्यक्ष कर्म नदेखिएकाले प्राध्यापनको मर्यादाका लागि मिहिनेत, अनुसन्धान, प्राज्ञिक कर्म आदिको आवश्यकता पर्ने सङ्केत गरिएको बुझिन्छ ।

**चित्र ६**

*आफूभन्दा पछाडिको पुस्तालाई दिइएको सुझाव*





माथिका स्थितिको अध्ययन गर्दा अधिकांश प्राध्यापकहरू आफ्नो वृत्तिविकासमा लेखन, पठन, प्रकाशन र अनुसन्धानमा नै आफ्नो वृत्तिविकासको सम्भावना देख्छन् । उनीहरूले विद्यार्थी तथा नयाँ पुस्तालाई दिएको सुझावबाट पनि उनीहरूको प्राथमिकतालाई अर्थ्याउन सकिन्छ । प्राध्यापक बन्नका लागि प्राज्ञिक कर्म नै गर्नुपर्दछ भन्ने विषयले प्राध्यापकको प्रतिक्रियामा प्राथमिकता पाएको छ ।

### *प्राज्ञिक लेखनले पारेको प्रभावको क्षेत्र*

प्राध्यापकको पेसालाई वृत्तिविकाससँग जोड्न मात्रै होइन समृद्ध जीवनको विकासमा पनि प्राज्ञिक लेखनले प्रभाव पारेको देखिन्छ । साथै प्राध्यापकको पेसामा प्राज्ञिक लेखनले पारेको प्रभावका क्षेत्रका विषयमा रहेका प्रतिक्रियालाई सहायक थिमका आधारमा यहाँ विश्लेषण गरिएको छ ।

**चित्र ७**

*प्राज्ञिक लेखनले पारेको प्रभावको क्षेत्र*




चित्र ७ को लम्बचित्रमा विश्वविद्यालयका प्राध्यापकको पेसामा प्राज्ञिक लेखनले पारेको प्रभावका क्षेत्रलाई सहायक थिमका आधारमा आनुपातिक रूपमा प्रस्तुत गरिएको छ । उक्त स्थितिमध्ये ३३.५०% प्राध्यापकले आफ्नो लेखनका क्षेत्रमा प्राज्ञिक लेखनले प्रभाव पारेको बताएका छन् । यसैक्रममा २२.४०% प्राध्यापकले आफ्नो पठनका गतिविधिमा प्राज्ञिक लेखनमा प्रभाव पारेको बताएका छन् । त्यसैगरी १४.६०% प्राध्यापकले आफ्नो शिक्षणका क्रियाकलापमा प्रभाव पारेको प्रतिक्रिया दिएका छन् भने २१.००% प्राध्यापकले आफ्नो अनुसन्धानका कार्यमा प्रभाव

पारेको सङ्केत गरेका छन् । अनि ८.५०% प्राध्यापकले आफ्नो पेसागत चरित्रको शुद्धीकरणमा प्राज्ञिक लेखनले प्रभाव पारेको प्रतिक्रिया दिएका छन्

उक्त स्थितिको अध्ययन गर्दा सबैभन्दा बढी प्राध्यापकलाई लेखन कार्यमा प्राज्ञिक लेखनले बढी प्रभाव पारेको देखिन्छ। जसका कारण प्राध्यापकको लेखनमा प्राज्ञिक चरित्रको सम्भावना देखिएको छ। त्यसैगरी प्राध्यापकको चरित्रको शुद्धीकरणमा पनि प्राज्ञिक लेखनले प्रभाव पार्ने बताइएको देखिन्छ । जसको मतलव पेसागत शुद्धीकरणमा पनि प्राज्ञिक लेखनले प्रभाव पार्न सक्तछ । साथै प्राध्यापकको पठन संस्कृतिमा पनि प्राज्ञिक लेखनले प्रत्यक्ष प्रभाव पार्ने बताइएको छ । विश्वविद्यालयका प्राध्यापकको पेसामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले प्रभाव पारिरहेको प्राज्ञिक लेखनको स्थितिलाई प्राज्ञिक साक्षरताको मान्यताअनुसार विशिष्ट किसिमको साक्षरताको अभ्यास हुन थालेको स्थितिका रूपमा लिन सकिन्छ । त्यसैगरी अनुसन्धानका कार्यमा पनि प्राज्ञिक लेखनले प्रभाव पार्न थालेको देखिएको छ । जसका कारण उनीहरू अनुसन्धानात्मक कार्यमा पनि उद्यत हुन थालेको देखिन्छ । त्यसका साथै शिक्षणका गतिविधिमा पनि प्राध्यापकहरू सजग हुनका लागि प्राज्ञिक लेखनले प्रभाव पार्न थालेको देखिएको छ। जसका कारण उनीहरूको शिक्षणमा नवप्रवर्तन तथा आलोचनात्मक सोचाइका सिपको पनि गुञ्जायस हुनसक्ने सम्भावना देखिएको छ। किनकि प्राज्ञिक लेखनले एकरूपता, स्तरीयता, वस्तुपरकता तथा अनुक्रमिकता जस्ता पक्षमा जोड दिने भएकाले शिक्षणमा उक्त कुराको प्रभावका कारण विद्यार्थी तथा शिक्षण कक्षाकोठामा पनि प्राज्ञिकता देखिने सम्भावनाको सङ्केत पाइएको छ ।

## निष्कर्ष

विश्वविद्यालयका प्राध्यापकले वृत्तिविकासमा प्राज्ञिक लेखनका अनेकन् अभ्यास तथा ढाँचाले प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ। प्राध्यापकले प्रकाशित गरिरहने कार्यको प्रकृति हेर्दा विषयवस्तुमा आधारित लेखन, मुद्दामा आधारित लेखन तथा ती सबै पक्षको लेखनमा बढी केन्द्रित लेखनमा चासो दिएको पाइएको छ। उक्त अवस्थाले प्राध्यापकको कार्यको प्रकृति चाहिँ विशिष्टीकृत हुन बाँकी रहेको अवस्थाका रूपलाई देखाएको छ। साथै प्राज्ञिक लेखनका कार्यको प्रकृतिको बढी अभ्यास हुनुपर्नेमा बढी सामान्य प्रकृतिका लेखनमा पनि उनीहरू अल्मलिइरहेका देखिन्छन् । साथै प्राध्यापकले लेखेका सामग्रीले शिक्षण प्रविधि, नवप्रवर्तन तथा ती सबै पक्षमा योगदान गरिरहेको स्थिति देखिन्छ । तर शिक्षण प्रविधिमा पनि योगदान दिइरहेकाले उनीहरूको लेखनको समाजमा सकारात्मक प्रभाव भने पार्नसक्ने देखिन्छ। त्यसका साथै प्राज्ञिक लेखनले प्राध्यापकको ज्ञान, चिन्तन, चेतना तथा शिक्षण विधि र प्रविधिको विकासमा बढी मदत गरेको पाइएको छ। शिक्षकले शिक्षणमा प्रस्तुति, पराक्रम र प्रेरणाको विषयका रूपमा प्राज्ञिक लेखनलाई लिइन्छ। विश्वविद्यालयको पेसालाई वृत्तिविकाससँग जोड्नका लागि प्राध्यापकको अध्ययन, पठन, लेखन र प्रकाशनले बढी भूमिका खेलेको पाइएको छ । उक्त पक्षका साथै छलफल, अन्तरक्रिया र समन्वयले पनि वृत्तिविकासमा मदत पुऱ्याउने देखिन्छ। आफ्नो पेसागत चरित्रको विकास र उत्थानका लागि आफ्नो ज्ञान, सूचना, प्रविधिमा अद्यावधिक हुने विषयमा प्राध्यापकहरू सक्रिय भएको देखिएको छ। अबको पुस्ताले उत्कृष्ट मिहिनेत गरेमा प्राध्यापन पेसा पनि मर्यादित बन्न सक्ने देखिएको छ। त्यसका साथै प्राज्ञिक लेखनको कर्मले प्राध्यापकको लेखन कार्यमा प्रत्यक्ष प्रभाव पारेकाले उनीहरूको लेखन पक्ष सशक्त बन्ने सङ्केत गरिएको छ। प्राध्यापकको पठन तथा अनुसन्धानमा पनि प्रभाव त परेकै देखिएको छ सबैभन्दा बढी लेखन कर्मका प्रभाव परेको पाइएको छ। यद्यपि प्राध्यापको लेखन कर्ममा बढी प्राज्ञिक लेखनले प्रभाव पार्ने भएकाले उनीहरूको लेखनमा स्तरीयता, वस्तुपरकता, एकरूपता  जस्ता गुणको विकास हुन थालेको पाइएको छ। त्यसका लागि लेखनका ढाँचा, आयाम, संरचना र शैलीमा पनि स्तरीयता खोज्न सक्ने ठाउँ देखिएको छ। तसर्थ विश्वविद्यालयको वृत्तिविकासमा प्राज्ञिक लेखनको महत्त्वपूर्ण, प्रत्यक्ष र प्रस्ट सम्बन्ध रहन्छ । उक्त सम्बन्धले प्राध्यापकको चरित्रको विकास पनि भइरहने तथा समयको गति र मानव जातिको मतिअनुसार अद्यावधिक भइरहने देखिएको छ ।

## सन्दर्भ सूची

घिमिरे, जनार्दन (सन् २०२३), वैदिक शिक्षण विधि : श्रवण, मनन, निदिध्यासन : र वर्तमान शिक्षण प्रणीमा उपादेयता, *त्रिभुवन विश्वविद्यालय जर्नल, ३८*(१), २२२-२३६ । https://doi.org/10.3126/tuj.v38i01.56221

*त्रि.वि.को भिजन* (२०३०), हाइएर एजुकेसन रिफर्म प्रोजेक्ट इम्प्लिमेन्टेसन अफिस, त्रि.वि. ।

नेपाल, शक्तिराज (सन् २०२४), भाषाशिक्षकको पेसागत विकासका कार्यक्तमको प्रभावकारिता : न्यारेटिभ विश्लेषण, *प्रज्ञारत्न, ५*(१), ३१-४१ ।

नेपाल, शक्तिराज (सन् २०२४), नेपाली विषयका शिक्षकको सूचनाप्रविधिका प्रयोग अवस्थाको अनलाइन सर्वेक्षण, *सोताङ् जर्नल,* ६(१), ४९-६८ ।

नेपाल, शक्तिराज (सन् २०२३), नेपाली शिक्षाका विद्यार्थीको शोधपत्रसम्बन्धी जीवन्त अनुभवविषयक शैक्षणिक उपयोगिता, *प्रज्ञाकुञ्ज, ५*(१), २८०-२९०।

गडफ्रे, जेन्नी (सन् २०१६) *राइटिङ फर युनिभर्सिटी* (दोस्रो संस्क.), पाल्ग्रेभ, म्याकमिलन एजुकेसन ।

*राष्ट्रिय शिक्षा नीति* (२०७६), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

सिरिसिला, सुतिका (जुलाइ २५, सन २०२३), रोल अफ एन एब्स्ट्राक्ट इन रिसर्च पेपर विथ एक्जाम्पल्स,

सुवेदी, कृष्णप्रसाद (२०७५), नेपाली भाषा शिक्षकहरूको पेसागत विकासका आधारहरूको अध्ययन, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, कीर्तिपुर ।

सेसाइल, बादेन्होर्स्ट (सन २०१८), साइटेसन प्राक्टिसेस अफ पोस्टग्राजुएट स्टुडेन्टस राइटिङ लिटरेचर रिभ्युज, *लन्डरिभ्यु अफ एजुकेसन*। https://doi.org/10.18546/LRE.16.1.11.

साग्लामेल, एच.एन्ड आइडोग्डु, जे. (सन् २०२२), द एक्याडेमिक राइटिङ् निड्स् अफ स्टुडेन्ट्स् : अ केस स्टडी अन स्टेकहोल्डर पर्सपेक्टिभ, *जर्नल अफ इङ्लिस ल्याङ्ग्वेज पेडागोजी, लिटरेचर एन्ड कल्चर,* ७, ३७-५० ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६७), *शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका* (२०६६, आफैँ ।

शैक्षिक जनशक्ति विकास केन्द्र (सन २०११), *ह्वेर आर वी नाउ*, आफैँ ।